# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति: २०८१।१०।२२

## प्रेस विज्ञप्ति

पालिकासमय डटकमका सम्पादक कमलबहादुर बोहरामाथि अज्ञात व्यक्तिबाट भएको आक्रमणप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही माघ २१ गते सोमबार काठमाडौंको मध्यबानेश्वरमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्यसमेत रहेका बोहरामाथि अज्ञात व्यक्तिले आक्रमण गरेको महासंघ काठमाडौं शाखाले जनाएको छ ।

कुनै पनि बहानामा पत्रकारमाथि हुने यस्ता हर्कत प्रेस स्वतन्त्रताविरोधी हो । प्रेसविरोधी यो घटनाको महासंघ कडा शब्दमा भर्त्सना गर्दछ । महासंघ घटनामा संलग्नको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा गम्भीर हुन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org